# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, फागुन १३ गते २०५८ साल (संख्या ४४


## भाग ३

श्री५ को सरकार

विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

### राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश,२०५८

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश,२०५८ " रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय सूचना प्रविधि विकास समिति सम्झनु पर्छ।

(ख) "सूचना प्रविधि" भन्नाले कम्प्यूटर प्रणालीको माध्यमद्वारा सूचना सिर्जना गर्ने, उत्पादन गर्ने, सङ्कलन गर्ने, सम्प्रेषण गर्ने, आदान-प्रदान गर्ने, जम्मा गर्ने, सञ्चय गर्ने, प्रदर्शन गर्ने वा प्रशोधन गर्ने काम सम्झनु पर्छ।

४५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "सूचना बैंक" भन्नाले समितिले तोके बमोजिमको आधिकारिक व्यक्तिले सञ्चय, उपयोग र परिमार्जन गर्न सक्ने गरी सूचना संग्रह गर्ने काम सम्झनु पर्छ र सो शब्दले डाटा डिपोजिटरीको काम समेतलाई जनाउँछ ।

(घ) "कम्प्यूटर अभिलेखीकरण" (कम्प्युटराईजेशन) भन्नाले कम्प्यूटर प्रणालीको माध्यमद्वारा सूचना प्रविधिको व्यवस्थित उपयोग गर्ने काम सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ ।

(छ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त भएको वा तोकिएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. राष्ट्रिय सूचना प्रविधि विकास समितिको गठनः (१) सूचना बैंकको रुपमा काम गर्न, सरकारी कार्यालयहरुको कम्प्यूटर अभिलेखीकरण तथा विषय वस्तुको विकास र विस्तार गर्नमा सघाउ पुऱ्याउन र सूचना प्रविधि सम्बन्धी नीति तथा योजनाको कार्यान्वयन गर्न, गराउनको लागि राष्ट्रिय सूचना प्रविधि विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्:-

(क) सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय -अध्यक्ष

(ख) प्रतिनिधि, सूचना तथा संचार मन्त्रालय (राजपत्राङ्कित प्रथम श्रेणी) -सदस्य

(ग) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय (राजपत्राङ्कित प्रथम श्रेणी) -सदस्य

(घ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(ङ) सूचना प्रविधिसँग सम्बन्धित संघ, संस्था वा सूचना प्रविधि सम्बन्धी विशेषज्ञहरु मध्येबाट प्रतिनिधित्व हुने गरी श्री ५ को सरकारले मनोनीत गरेको एक जना -सदस्य

(च) विश्वविद्यालयहरु मध्येबाट प्रतिनिधित्व हुने गरी श्री ५ को सरकारले तोकेको विश्वविद्यालयको प्रतिनिधि एकजना -सदस्य

(छ) कार्यकारी निर्देशक -सदस्य-सचिव



४३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिम मनोनीत वा तोकिएको सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन वा तोकिन सक्नेछन् ।

(४) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सूचना प्रविधिको विकासको लागि राष्ट्रियस्तरमा सबै किसिमका तथ्याङ्क सङ्कलन गरी डाटा डिपोजिटरीको समेत काम गर्न सूचना बैंकको रुपमा काम गर्ने,

(ख) सरकारी कार्यालयहरुमा कम्प्यूटर अभिलेखीकरण र विषय वस्तुको विकास तथा विस्तार गर्ने काममा सघाउ पुऱ्याउने,

(ग) सूचना विज्ञान तथा सूचना प्रविधि सम्बन्धी नीति तथा योजनाको कार्यान्वयन गर्ने गराउने,

(घ) श्री ५ को सरकारले गर्ने सबै प्रकारका कम्प्यूटर सम्बन्धी काममा सघाउ पुऱ्याउने,

(ङ) श्री ५ को सरकारका सबै कार्यालयहरुमा वेवसाइटको डिजाइन गरी वेवसाइट राख्ने र सोलाई अद्यावधिक गरी सञ्चालनगर्ने काममा सहयोग गर्ने,

(च) सूचना प्रविधि सम्बन्धमा एकरुपता ल्याउन आवश्यक कोडिङ्ग र स्तरनिर्धारण (स्टेण्डर्डराइजेशन) को व्यवस्था गरी सो को अनुगमन गर्ने,

(छ) सूचना प्रविधिको अनुसन्धान र विकासमा सहयोग पुऱ्याउने,

(ज) समितिको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गर्ने र सो नीतिको कार्यान्वयन भए, नभएको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने,

(झ) समितिको नीति, वार्षिक तथा आवधिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने र सो को निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने,

(ञ) समितिको काम कारवाही सुचारु रुपले सञ्चालन गर्नको लागि आवश्यकता अनुसार सल्लाहकार तथा परामर्शदाताहरु नियुक्त गर्ने,

(ट) सूचना प्रविधिको विकास गर्नका लागि श्री ५ को सरकारले तोकेका अन्य कार्यहरु गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६५

(ठ) समितिको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्यहरु गर्ने, गराउने ।

५. समितिको बैठक र निर्णयः(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षको कम्तीमा छ पटक बस्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिका कम्तीमा पचास प्रतिशत सदस्यहरुले समितिको बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले अध्यक्षलाई सो कुराको जानकारी गराई समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचना सामान्यतया कम्तीमा सात दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची समेत सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको सदस्य-सचिवले समितिको बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफलको विषय र निर्णयको व्यहोरा समेत छुट्टै पुस्तिकामा उल्लेख गरी राख्नु पर्नेछ ।

(८) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी व्यवस्थाः (१) समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालनगर्नको लागि श्री ५ को सरकारले तोकिए बमोजिमको योग्यता भएको व्यक्तिलाई कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि श्री ५ को सरकारले कुनै अधिकृत कर्मचारीलाई बढीमा छ महिनाको निमित्त कार्यकारी निर्देशकको कार्य गर्नको लागि तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले समितिको हित विपरित हुने गरी काम कारवाही गरेमा श्री ५ को सरकारले निजलाई निजको पदावधि पूरा नहुँदै कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।



४६०
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यसरी पदबाट हटाउनु अघि कार्यकारी निर्देशकलाई आफ्नो पक्षमा सफाई पेश गर्ने उचित अवसर प्रदान गर्नु पर्नेछ।

(५) कुनै कारणवश कार्यकारी निर्देशकको पद खाली हुन आएमा कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि श्री ५ को सरकारले बढीमा तीन महिनासम्मको लागि समितिको वरिष्ठ कर्मचारीलाई कार्यवाहक कार्यकारी निर्देशकको रुपमा काम गर्न नियुक्त गर्न सक्नेछ।

(६) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

(७) उपदफा (६) बमोजिम कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा नतोकिएसम्म कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ।

७. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार: (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने।

(ख) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने।

(ग) समितिले सञ्चालनगरेका योजना तथा कार्यक्रमको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने।

(घ) समितिको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने तथा समितिका कर्मचारीको सुपरीवेक्षण तथा नियन्त्रण गर्ने।

(ङ) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने तथा समितिको दैनिक प्रशासकीय काम कारवाही समितिको नीति र आफ्नो निर्देशन तथा नियन्त्रणमा सञ्चालन गर्ने, गराउने।

(च) यस आदेश र सो अन्तर्गत बनेका नियमहरु र समितिद्वारा गरिएका निर्णयहरुका अधिनमा रही समितिको काम सुव्यवस्थित ढङ्गबाट सञ्चालन गर्ने सम्बन्धमा अन्य आवश्यक कामहरु गर्ने।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

८. समितिको कोष: (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा हुनेछन् :-

(क) श्री ५ को सरकारबाट अनुदान स्वरुप प्राप्त रकम।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) स्वदेशी व्यक्ति, संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण स्वरुप प्राप्त रकम ।

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण स्वरुप प्राप्त रकम ।

(घ) समितिले उपलब्ध गराएको सेवाबाट प्राप्त हुने रकम ।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समितिले उपदफा (२) को खण्ड (ग) बमोजिमको कुनै रकम लिनु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) समितिले नेपाल अधिराज्यमा रहेका कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाको खातामा रकम जम्मा गरी आफ्नो कोषलाई सञ्चालन गर्न सक्नेछ ।

(६) समितिको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

९. समितिको लेखा र लेखापरीक्षण: (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

(४) समितिले प्रत्येक वर्ष गरेको काम कारवाहीको विवरण सहित प्रत्येक वर्षको लेखापरीक्षणको प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१०. कर्मचारी सम्बन्धी व्यवस्था: (१) समितिले आवश्यकता अनुसार प्राविधिक तथा प्रशासनिक पद सिर्जना गरी त्यस्तो पदमा समितिको कोषबाट तलबभत्ता दिने गरी कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

११. उप-समिति गठन गर्न सक्ने: (१) समितिले आफ्नो कार्य सञ्चालन गर्नको लागि तोकिए बमोजिमको उप-समितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका उप-समितिहरुको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१२. बैठक भत्ता: समिति तथा उप-समितिका सदस्यहरुले समिति वा उप-समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।



४६२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. अधिकार प्रत्यायोजन: (१) समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, कुनै सदस्य वा उप-समिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफुलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. निर्देशन दिन सक्ने: श्री ५ को सरकारले समितिको उद्देश्य अनुरुप काम कारबाही गर्न समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र श्री ५ को सरकारले त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१५. समितिको कार्यालय तथा नाम: (१) समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र समितिले आवश्यकता अनुसार नेपाल अधिराज्यभित्र शाखा कार्यालयहरु समेत खोल्न सक्नेछ ।

(२) समितिको कार्यालय राष्ट्रिय सूचना प्रविधि केन्द्रको नामबाट प्रचलित हुनेछ ।

१६. श्री ५ को सरकारसंग सम्पर्क: समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा श्री ५ को सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१७. नियम बनाउने अधिकार: समितिले आफ्नो कार्य सञ्चालन गर्नको लागि यस आदेशको अधिनमा रही आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

आज्ञाले,

महेशमान श्रेष्ठ

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग



४६२

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## भूलसुधार

खण्ड ५१ अतिरिक्ताङ्क ६५(क) नेपाल राजपत्र भाग ४ मा प्रकाशित श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय, राजदरबारको सूचनामा "खण्ड ५१) काठमाडौं, पुष १७ गते २०५८ साल (अतिरिक्ताङ्क ६५(क)" सोही सूचनाको सातौं हरफमा 'महेन्द्रमाला', नवौं हरफमा 'महागौरवमय' र अन्तिम हरफमा 'समरविजयिनाम्' हुनु पर्नेमा अन्यथा हुनगएकोले भूलसुधार गरिएको छ ।

मुद्रण विभाग ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६४
मुद्रण विभाग, सिंहदरबार